५. शहीदनगर नगरपालिकाको लागी यथार्त तथा वस्तुपरक सूचना सम्प्रेशन गर्ने पत्रकार तथा संचार माधयम लाई प्रोत्साहन गरीनेछ ।

६. यस नगरपालिकाको शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई प्रोत्साहनको लागि विमा कार्यक्रम संचालन गरीनेछ ।

७. चिकित्सा सेवा आयोग बाट संचालन हुने एकिकृत प्रवेश परीक्षा (MBBS) अध्ययन गर्नको लागि यस नगरपालिका क्षेत्र भित्रको एक जना विद्यार्थिलाई प्रत्येक वर्ष अवास सहितको (MBBS) अध्ययन छात्रवृति उपलब्ध गराईने नितिलाई निरन्तरता दिइने छ ।

आदरणीय माहानुभावहरु,

आर्थिक वर्ष २०८१/०८२ को लागि आय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छु ।

संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान १३ करोड २० लाख, संघीय सरकार सशर्त अनुदान २४ करोड ४७ लाख ३१ हजार, संघीय सरकार विशेष अनुदान ५ करोड ५० लाख, संघीय सरकार सम्पुरक अनुदान १ करोड ५० लाख, संघीय राजश्व बाँडफाँड तर्फ ११ करोड ३९ लाख, प्रदेश सरकारको अनुदान तर्फ वित्तिय समानिकरण अनुदान ९६ लाख ८९ हजार, विशेष अनुदान ३० लाख, सम्पूरक अनुदान २० लाख र राजश्व बाँडफाँड बाट ५० लाख, आन्तरिक आय तर्फ १ करोड, आन्तरिक स्रोत तर्फको राजश्व बाँडफाँड ३० लाख, आल्या रकम ५ करोड गरि कूल रकम ६५ करोड २८ लाख २० हजार को आय तथा सोही बजेट बराबरको व्याय अनुमान गरेको छु ।

## शहीदनगर नगरपालिकाको आ.ब. २०८१/०८२ को संक्षिप्त बजेट

### अनुमानित आयको विवरण

| विवरण | आन्तरिक स्रोत | राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | सम्पूरक अनुदान | कुल बजेट |
|---|---|---|---|---|---|---|---|
| संघ | - | ११३९००००० | १३२०००००० | २४४७३१००० | ५५०००००० | १५०००००० | ५६०६३१००० |
| प्रदेश | - | ५०००००० | ९६८९००० | ९५००००० | ३०००००० | २०००००० | २९१८९००० |
| आ. स्रोत | १०००००००० | ३०००००० | - | - | - | - | १३०००००० |
| अ.ल्या. | ५०००००००० | - | - | - | - | - | ५०००००००० |
| जम्मा | ६०००००००० | १२१९००००० | १४१६८९००० | २५४२३१००० | ५८०००००० | १७०००००० | ६५,२८,२०,००० |

### अनुमानित व्यायको विवरण

| क्र.सं. | शिर्षक विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकार शशर्त अनुदान | २४४७३१००० |
| २ | संघीय सरकार सम्पुरक अनुदान | १५०००००० |



दिनेश प्रसाद यादव
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | संघीय सरकार विशेष अनुदान | ५५००००००० |
| ३ | प्रदेश सरकार सशर्त अनुदान | ९५००००० |
| ४ | प्रदेश सरकार सम्पुरक अनुदान | २०००००० |
| ५ | प्रदेश सरकार विशेष अनुदान | ३०००००० |
| ६ | नगर स्तरिय/ वडा स्तरिय कार्यक्रम संचालन तथा प्रशासनिक खर्च | ३२३५८९००० |
| | जम्मा | ६५,२८,२०,००० |

उपरोक्त उल्लेखित रकम बाहेक नेपाल सरकारबाट प्राप्त हुने रकम प्राप्त भएका बखत समेत सभामा पेश गरिनेछ । यसै गरी व्यय तर्फ राजश्व बाँडफाँडबाट प्राप्त रकम चालु खर्च तर्फ खर्च हुनेछ भने सशर्त अनुदानबाट प्राप्त रकम तोकिएकै कार्यक्रम बमोजिम खर्च हुने छ । समानीकरण बाट प्राप्त रकम पुर्णतया विकास कार्यक्रममा खर्च हुने छ ।

उपर्युक्त उल्लेखित प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको महत्तम उपयोग र समन्वयायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक वृद्धि हुने अपेक्षा गरेको छु । सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिवृद्धि भई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । अन्तमा यो नीति तथा कार्यक्रम सार्वजनिक सामारोहमा उपस्थित प्रमुख अतिथि, नगर उप प्रमुख, वडा अध्यक्ष ज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु र अन्य उपस्थित सबै महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा सँलग्न प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरु तथा विज्ञ समेतलाई धन्यवाद दिनु चाहन्छु । नीति तथा कार्यक्रम नगरपालिकाको समृद्धिको लागि यो नीति तथा कार्यक्रममा सल्लाह सुझाव दिनु हुने विभिन्न राजनितिक दलको नेता ज्यूहरु, विभिन्न पेशा व्यवसायी संघ संस्था, विकासका साझेदारहरु, नागरीक समाज, संचारकर्मी, करदाता र नगरपालिका भित्र र नगरपालिका बाहिर बस्ने सम्पूर्ण नगर बासीमा सहयोग र सदभावको लागि धन्यवाद व्यक्त गर्दछु । साथै नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोग रहनेछ भन्ने पुर्ण विश्वास लिईएको छु ।

<u>योजना तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई आधारको रुपमा लिईएको छ:</u>

- नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु ।
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्यप्रणाली ।
- नेपालको संविधानको अनुसूची - ८ बमोजिम कर लगाउन पाउने क्षेत्र ।
- पन्धौं त्रिवर्षिय योजना ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ।
- योजना तर्जुमा दिग्दर्शन २०७४ ।
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान ।
- बजेटको सिद्धान्त उद्देश्य र प्राथमिकता ।
- नेपाल सरकारको आ.व. २०८१।०८२ को बजेट वक्तव्य
- मधेश प्रदेश सरकारको आ.व. २०८१।०८२ को बजेट वक्तव्य
- अन्य बजेट सम्बन्धी उपलब्ध सामग्रीहरु ।

<u>बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु</u>

१. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन

२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

३. वस्ती / टोल स्तरबाट योजना छनौट



दिनेश प्रसाद यादव
नगर प्रमुख

Scanned with CamScanner